हरेक खबर, विशेष खबर
जि.प्र.का.सि.द.नं. ११७/०७६/०७७
राष्ट्रिय दैनिक
# लहानपोस्ट
LAHANPOST DAILY

मो. ९८०५९६१००६
जे.डी.
स्टेशनरी एण्ड स्पोर्टस सेन्टर
लहान-६

यहाँ पुस्तक, स्टेशनरी, स्पोर्टका समानहरू अर्डर अनुसार पाईन्छ ।

वर्ष : ०२ अंक : ०६ पृष्ठ : ४ २०७८ साउन २५ गते सोमबार (Monday 09 August 2021) www.lahanpost.com मूल्य रु. ५।-
FOLLOW US facebook: lahanpost YouTube : lahanpost twitter : lahanpost instragram : lahanpost

## ओरेक सिरहाद्वारा सुत्केरी र गर्भवतीलाई खाद्यान्न सहयोग

लहान ।ओरेक परियोजना कार्यालय सिरहाले लहान नगरपालिकाको ११,१२,१३ र २४ लगायत चार वटै वडाका सय जना गर्भवती, सुत्केरी एकल महिला, शारिरिक अशक्त भएका व्यक्ति र अतिविपन्न परिवारलाई आइतबारखाद्यान्न सहयोग गरेको छ ।

लहान नगरपालिका वडा नं. ११ मा वडा सदस्य चलितर राम, वडा नं. १२ मा ओरेकको केन्द्रिय सदस्य श्याम कुमारी साह, वडा नं. १३ मा वडा अध्यक्ष ईश्वर वस्नेत र वडा नं. २४ मा ओरेकको जिल्ला संयोजक शर्मिला निरौलाको हातबाट खाद्यान्न वितरण गरिएको हो ।

राहतमा २५ किलो चामल, १किलो चना, २ किलो दाल, १ किलो नुन, १ लिटर तेल, १ किलो सर्फ, नुहाउने साबुन, एक प्याकेट मास्क र प्याडको लागि प्रयोग गर्न २ मिटर सुतीको कपडा रहेको छ । कोरोना महामारीका दोस्रो लहरका कारण अहिले पनि अवस्था समान्य नभएको हुँदा ओरेकले दिएको खाद्यान्नले एउटा गर्भवती तथा सुत्केरी महिलालाई एक महिनाको लागि पुग्ने खाना र सरसफाईका सामाग्री दिएको ओरेक परियोजना कार्यालय सिरहाकी संयोजक शर्मिला निरौला निरौलाले जानकारी गराइन् ।



## अब राम्रो स्कुल खोज्न बाहिर जानै पर्दैन, लहानमै छ !




लहान ।आफ्नो बालबालिकालाई कहाँ पढाउने चिन्तामा हुनुहुन्छ ? अब त्यस्तो चिन्तै नलिनुस । लहानमै गुणस्तरीय शिक्षा र संस्कार दिने स्कुल खुलेको छ । जहाँ बालबालिकालाई राम्रो शिक्षा दिने विद्यालयको दाबी छ ।

लहान नगरपालिका ८ मा संचालित 'स्कुल अफ स्कलर्स'का संचालकहरूले स्थानीय पत्रकारहरूसँग अन्तरक्रिया कार्यक्रम गरेका थिए । सो कार्यक्रममा स्कुलका कार्यकारी निर्देशक सुदिपराज कुशवाहाले अन्य स्कुल, क्लेज भन्दा फरक तरिकाबाट यहाँ शिक्षा प्रदान गरिने बताए ।

अहिले धेरै स्कुलमा कक्षैपिच्छे नामाकंन शुल्क अभिभावकले तिर्नुपरेको छ । तर, यहाँ एक पटक नाम लेखाएपछि विद्यालयमा भए सम्म नामाकंन शुल्क फेरि नलिने जनाएको छ ।

यहाँ पढ्ने विद्यार्थीलाई घरमा थप शिक्षक राखेर पढ्नुपर्ने आवश्यकता नै नपर्ने उनको दाबी छ । 'हामीले अहिले सम्म हेरिरहेका छौं । स्कुलकै शिक्षकले विद्यालयमा पनि पढाउँछ । घरमा पनि पढाउँछ । अभिभावक ठूलो मारमा छ,'उनले भने,'त्यस्तो परम्परा हामीले तोडछौं । यहाँ पढ्ने विद्यार्थीलाई स्कुलबाटै साँझ २ घण्टा अनलाइन कक्षा निःशुल्क दिन्छौं । जहाँ विद्यार्थीहरूले आफ्नो समस्याहरू शिक्षकहरू छलफल गर्न पाउँछ ।' 'हामीले यहाँका कर्मचारी, अभिभावकहरूबाट राम्रो स्कुल नभएर छोराछोरी बाहिर पठाएको गुनासाहरू सुन्ने गरेका थियौं । आफुहरूले गरेको आन्तरिक सर्वेमा पनि यहाँका विद्यार्थीहरूमा कुलतको प्रभाव निकै देखिएको थियो,'उनले भने,'विद्यालयहरू पनि शिक्षाको नाममा कमाउने काम मात्रै गरेको देखिन्छ । त्यो सबै कुरालाई मध्यनजर गर्दै फरक शैलीको स्कुल खोलेका छौं ।' यस्ता अझै तीन/चार वटा स्कुल लहानमा खुल्नुपर्ने उनले सुनाए ।


जनकारी अनुसार यस स्कुलमा ५१ जना शेयर सदस्य छन् । अहिले करिब १० करोडमा लगानीमा स्कुल संचालनमा आएको छ ।

## कोल्टो फेर्दै गोलबजार नगरपालिका

राजु विश्वकर्मा

लहान ।सिरहाको गोलबजार नगरपालिकाले छोटो समयमै विकास पूर्वाधारमा फड्को मारेको छ । बढ्दो अतिक्रमण र अव्यवस्थित बजारका कारण विगतमा कुरूप बन्दै गएका नगरक्षेत्रमा यतिबेला परिवर्तनको आभास हुन थालेको छ। नगरपालिकाले सडक पूर्वाधारको विकास, बिस्तारसँगै व्यवस्थित बजार निर्माणलाई प्राथमिकता दिएर काम अघि बढाएपछि नगरक्षेत्रको स्वरूप फेरिन लागेको हो । ग्रामीण क्षेत्रलाई शहरसम्म जोड्ने सडकलाई कालोपत्र र ढलान गरी सडक पक्की बनाउने योजनालाई नगरपालिकाले प्राथमिकता दिएको छ । नगरपालिकाले गत आव ०७६/०७७ देखि सडकलाई पक्की र कालोपत्र गर्ने योजनालाई प्रभावकारी रूपमा कार्यान्वयन गरिरहेको छ । सडक सञ्जाल निर्माण गरेर ग्रामीण क्षेत्रबाट शहरसम्म पुग्न घण्टौं लाग्ने नगरवासीको समस्यालाई दीर्घकालीन समाधानमा ध्यान दिएको छ । आवतजावतमा सहजता ल्याउने उद्देश्यले सडक कालोपत्र र पक्की बनाउने योजनालाई प्राथमिकता दिएको गोलबजार नगर प्रमुख देवनाथ साहले जानकारी दिए।

हालसम्म नगरक्षेत्रका करिब २६ किलोमिटर सडकमा कालोपत्र र १४ किमी आरसिसी ढलान सकिएको नगरपालिकाले जनाएको छ । यस्तै नगरपपालिकाको विभिन्न वडाका २०० किमी सडकमा ग्राभेल सकिएको छ। 'चुनावका समयमा जनतासँग गरेको वाचाअनुरूप ग्रामीण क्षेत्रबाट बजारसम्म पुग्ने सडक कालोपत्र गर्ने कामलाई प्राथमिकता दिएका छौं, उनले भने, 'नगरक्षेत्रका अधिकांश सडकलाई ढलान गरी पक्की बनाउने काम गरिरहेका छौं।' यसका साथै बजार क्षेत्र र बाक्लो बस्ती भएको ठाउँमा नाला निर्माणको कामलाई समेत



प्राथमिकता दिएको उनको भनाइ छ। सडक पूर्वाधारसँगै शिक्षा, स्वास्थ्य, पर्यटन र रोजगारीलाई समेत उच्च प्राथमिकतामा राखेर योजना अघि बढाएको नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत श्रीधर केसीले जानकारी दिए। उनका अनुसार आव २०७७/०७८ मा मात्र नगरपालिकाले छ किलोमिटर सडकमा नयाँ ट्र्याक खोलिएको छ । यसका साथै नगरक्षेत्रभित्रका प्रमुख पर्यटकीय क्षेत्र कुम्भी खाँडी तालको शिव गुफा निर्माणको कामलाई प्राथमकिता दिएको छ । विगतमा पुल नहुँदा शहरसम्म आउन जोखिम भोग्दै आएका वडा नम्बर १ मुक्सार र वडा नं १० अरमपुरमा झोलुङ्गे पुलसमेत निर्माण गरिएको उनले जानकारी दिए। विद्यालय सुधार गरी शैक्षिक गुणस्तरीयता ल्याउन नगरपालिकाका विभिन्न वडामा रहेका छ विद्यालयमा कक्षा कोठा निर्माणसँगै शैक्षिक गतिविधि बढाउन अन्य भौतिक पूर्वाधार उपलब्ध गराएको जनाएको छ।

कूल १३ वडामा फैलिएको नगरपालिका ४७ हजार ७६३ जनसत्त्या छ । नगरपालिकाले जनघनत्व र आवश्यकताका आधारमा १३ वटै वडामा समानुपातिक बजेट उपलब्ध गराउँदै आएको छ ।

पछिल्लो एक वर्षदेखि कालोपत्र तथा ढलानलाई प्राथमिकता दिएकाले छिट्टै नगरक्षेत्रको विकासका गतिविधिले तीव्रता लिएको गोलबजार– ५ का श्रवण महतोले बताए। 'बिगतमा सडकमा माटो र ग्राभेल हालेर बजेट सकिदै आएको थियो', उनले भने, 'अहिले नगरपालिकाले सडकलाई कालोपत्र र ढलानलाई अघि बढाएकाले सडक हिलो र धुलोमुक्त हुँदै गएको छ।' यसबाट वर्षेनी माटो र ग्राभेलका नाममा भ्रष्टाचार गर्ने गरेको आरोपबाट समेत जनप्रतिनिधि केही हदसम्म मुक्त हुने उहाँको कथन छ।



Lahan office: 033-561429, 033-561430 | Mirchaiya: 033550505, | Golbazar: 9801186055, | Kalyanpur: 031-540229



फ्रेन्डस मोडेल हस्पिटल, लहान-४
(शिव मन्दिरको उत्तरपट्टि रघुनाथपुर)
हाम्रो सेवाहरू
NICU सहितको प्रसुति सेवा
२४ औं घण्टा इमरजेन्सी सेवा
डाक्टरहरू
बालरोग विशेषज्ञ डा. बृजेन्द्र यादव
मधुमेह, प्रेसर डा. ल्युस्युन यादव
प्रसुति रोग विशेषज्ञ डा. विरेन्द्र यादव

# पब्जी र फ्रिफायरविरुद्ध सांसदको ब्याटल

सिङ्ग लामा

यस साता संसदको त्यो दृश्य एकाएक भाइरल भयो, जसमा प्रतिनिधिसभाको शून्य समयमा एमाले सांसद आशाकुमारी विकले 'पब्जी र फ्रिफायरजस्ता अनलाइन गेमको लतका कारण बालबालिकामा डराउने, झस्कने, जिद्दीपनाजस्ता स्वभाव देखिएको र त्यसबाट पछि गएर मानसिक अस्पतालको अभाव हुने' भन्दै 'त्यस्ता गेमहरु तत्काल बन्द गर्न' जोडदार माग राखिन् ।

संसारको सबैभन्दा वैज्ञानिक र गतिशील मार्क्सवादी विचार बोकेको भनिएको पार्टीको एक महिला विधायकको यो परिवर्तन प्रतिरोधी विचार मूलतः अभिभावक तथा शिक्षक-शिक्षिकाहरूले धेरै मन पराएको, शेयर गरेको र लबिङसमेत गरेको पाइयो भने केही प्राग्रेसिभ शिक्षाकर्मी तथा नयाँ पुस्ताका अत्याधुनिक युवाहरूमा भने सांसद आशाको विचारले निराशा फैलाएको स्पष्ट देख्न सकिन्छ । तसर्थ, सत्य र सम्भावनाको कसीमा यो विचारलाई केलाउन जरूरी देखियो ।

हामी शिक्षाकर्मीहरु र अभिभावकहरु मात्र हैन, नीति तथा पाठ्यक्रम निर्माताहरु, विज्ञ एवं विशेषज्ञहरु, पाठ्यवस्तु तथा पाठ्यपुस्तक सर्जकहरु सबै करिब साठी वा सत्तरीको दशकदेखि नब्बेको दशकसम्ममा जन्मिएकाहरु हौं । मोटर गाडी, बिजुलीबत्ती, टेलिफोन, रेडियो, टीभी आदिको आविष्कार हुँदै गर्दा र त्यस्ता आविष्कार भर्खरभर्खर देशमा भित्रिएर त्यसलाई पहिलोचोटि देखेर अचम्मित हुने सौभाग्य पाएको यो पुस्ताको बाल्यकाल र हुर्काई प्रविधिसँगको खासै साक्षात्कारबिना बितेको थियो । टोले मौखिक समाचार स्रोतहरुबाट शीतयुद्धकालीन अमेरिका र सोभियत संघको प्रतिस्पर्धाका कथाहरु सुनेको र चन्द्रमामा निल आर्मस्ट्रोङले पाइला टेकेको जस्ता समाचार वैज्ञानिक किंवदन्तीका रूपमा सुनेको यो पुस्ताका लागि विद्यार्थी जीवनमा पेन्सिल, कम्पास, डटपेन, फ्रेम कलम, फोल्टिन कलम, चक्की मसी, फिट मसी, जनक शिक्षाका नयाँ किताब, कापी, झोला आदि समेत लक्जरी आइटम थिए भने खाजामा ग्लुकोज बिस्कुट, थिनआरारूट बिस्कुट, तरकारी चिउरा, पिप्लामेट आदि मिष्टान्न भोजन थिए । अनि चाउचाउ त अत्याधुनिक परिकार नै थियो । दसैंमा नयाँ लुगा, चाडपर्वमा मासु भात, हात्तीछापे चप्पल, पायल/हवाई चप्पल आदि पाउनुसमेत सौभाग्य थियो भने रेडिमेड कपडा, जुत्ता, भकुण्डो आदि त सपना थिए । डण्डिबियो, पौडी, खर्लुत्ते, कबड्डी, गुच्चा, झुत्रो मोजाका बल, गोबरे बन्दुक आदि खेलेर विकास भएको यो पुस्ताले हरेक नयाँ चीजको माग गर्दा वा चलाउँदा वा बिगार्दा कि त गाली खायो, कि त राम धुलाइ नै भेट्यो ।

तर आत्मा साक्षी राखेर भनौं, के हामीले उपलब्ध यी सुविधाहरु कुनै न कुनै रूपले प्रयोग गरेनौं ? के गाली, कुटाइ र निषेधले हामीलाई छेक्यो ? अनि सबभन्दा महत्त्वपूर्ण प्रश्न- के हामी बिग्रीयौं ? त्यसो भए आज हामी के गर्दै छौं र गर्न खोज्दै छौं ? मनोवैज्ञानिकहरु भन्छन्, 'बच्चाहरूले जे भोग्छन्, पछि उसले समाजलाई त्यही दिन्छ, ब्याजसहित ।'

प्रसिद्ध विचारक तथा कवि रवीन्द्रनाथ टैगोर भन्छन्, 'आफ्ना बच्चाहरूलाई आफनो ज्ञानको दायराभित्र मात्र सीमित नराख । किनकि ऊ फरक युगमा जन्मिएको हो ।' तर, हरेक युगका अभिभावक पुस्ताले त्यही पुनरावृत्ति गर्दै आएको देखिन्छ ।

यो फेरि नेपालको मात्र रोग भने पक्कै होइन, सिङ्गो मानव सभ्यता यसबाट ग्रसित छ । समुन्द्र, खेत, खोला र पोखरीहरूमा गएर विभिन्न साइजका समुन्द्री चिप्ले कीरा, पेन, भ्यागुताहरु समात्ने र संकलन गर्ने चार्ल्स डार्बिनको विकासवादी सम्भावना उनको स्कुल श्यूरूस्वरीस्कुलका प्रिन्सिपल डा. सैमुएल वट्सनले देखेका भए विद्यालयमा डार्बिनले बिनाकाम गाली र अपमान सहनुपर्ने थिएन । त्यस्तै, थोमस एल्वा एडिसनभित्रको आविष्कारक र व्यावसायिक सम्भावना विद्यालय प्रशासनले चिन्न सकेको भए र उनलाई 'आडल्ड' वा सडेको दिमाग भएको भनेर लेबलिङ नगरेको भए उनकी आमाले उनलाई विद्यालयबाट निकालेर होमस्कुलिङ गर्नुपर्ने थिएन । त्यस्तै, महान् वैज्ञानिक अल्बर्ट आइन्सटाइनको सम्भावना विद्यालयले त के, बर्न विश्वविद्यालयका साइन्स डिन प्रोफेसर डा. विल्हेम्स हेइनरिचले मात्र पनि चिन्न सकेका भए पीएचडीको उनको निवेदन रद्दीको टोकरीमा फाल्ने थिएनन् । अनि चित्रकारको सपना बोकेको एडल्फ हिटलरको क्षमतालाई भियनाको एकेडेमी अफ फाइन आर्टले चिन्न सकेको भए उनी प्रवेश परीक्षामै दुईचोटि फालिने थिएनन् । सायद जर्मनीले ६० लाख यहुदीको नरसंहार तथा यो संसारले दोस्रो विश्वयुद्धको अभूतपूर्व क्षति भोग्नुपर्ने थिएन । हरेक अभिभावक पुस्ताले आफूलाई सर्वज्ञानी ठान्दै आएको छ र नयाँ पुस्ताको सम्भावनालाई कम आँक्ने मात्र होइन, कतिपय अवस्थामा घाँटी निमोठ्दै पनि आएको छ । हाम्रा पनि थुप्रै सम्भावनाहरु निमोठिएर जे-जति बचेका थियौं, त्यही हौं, त्यही बन्यौं र यस्तो भयौं, अनि देश पनि यस्तै बन्यो ।

**आखिर संसदको त्यो ब्याटल के हो ?**

स्मरणीय छ, यस लेखले दलित समुदायबाट प्रतिनिधिसभामा समानुपातिक प्रतिनिधित्व गरेका सांसद आशाकुमारी विकलाई गलत साबित गर्न खाजेको विल्कुलै होइन । उनी आफ्नो स्थानमा सही हुन सक्छिन् र उनको आवाज केवल उनको व्यक्तिगत आवाज मात्र नभएर छोराछोरीले पब्जी, फ्रिफायर आदिजस्ता ब्याटल रोयल गेमहरु खेलेर आजित अभिभावकहरूको चीत्कार हो र पुकार हो । एक अर्थमा यो पुरानो पुस्ता र नयाँ पुस्ताबीचको एक ब्याटल हो, जसले संघीय संसदसम्म स्थान पायो ।

**वास्तविक समस्या के हो ?**

खासमा समस्या नयाँ पुस्ताको शिक्षाप्रतिको वितृष्णा र विकर्षण हो । उनीहरु विभिन्न समस्याजन्य व्यवहारबाट अभिभावक पुस्तालाई यही भन्न खोज्दै छन् कि हामी तिमीहरूले सिकाउन खोजेको शिक्षा सिक्न चाहँदैनौं । तिमीहरूले जानेको कुरा हामीलाई सिक्नु छैन । किनकि त्यो हामीलाई काम लाग्दैन । तिमीहरूले गरेको जस्तो काम पनि गर्नु छैन । तिमीहरूको गौरवगाथा सुन्नु पनि छैन । तिमीहरूजस्तो बन्नु पनि छैन । हामीलाई हाम्रो संसारमा बाँच्न र रम्न देऊ ।

उनीहरूको यो चीत्कार र विद्रोह सिधै भने पनि वा घुमाउरो गरी भने पनि अभिभावक पुस्ताले सजिलै स्वीकार्न सक्ने कुरा होइन । किनकि उनीहरूलाई आफ्नो भोगाइ, सिकाइ तथा संस्कारप्रति गौरव र घमण्ड छ । उनीहरु यी कुराहरु सर्लक्क नयाँ पुस्ताले सम्पदाको रूपमा ग्रहण गरेको देख्न चाहन्छन् । यस अर्थमा हाम्रो शिक्षा र संस्कार अग्रज पुस्ताको अहंकारको विस्तार हो र हामी नयाँ पुस्ताले हाम्रो अहंकारलाई पुजेको देख्न चाहन्छौं ।

फेरि नयाँ पुस्ताका लागि यो सजिलो र सम्भव छैन । किनकि उसलाई आफ्नो नयाँ युगको नयाँ संसारको अन्वेषण गर्नु छ र नयाँ संसारको निर्माण गर्नु छ । यसो भन्दैमा नयाँ पुस्ताका हरेक विद्रोह र गैरसंस्कारिक क्रियाकलाप जायज छन् भन्न खोजिएको पटक्कै होइन । त्यसभित्र अथाह सम्भावनाको साथमा थुप्रै जोखिम, अन्योल तथा विनाश पनि लुकेको हुन्छ । तर, निषेध र बहिष्करण यसको समाधान हिजो पनि थिएन, आज पनि छैन र भोलि पनि हुने छैन ।

**के पब्जी र फ्रिफायर बच्चा बिगार्ने गेम मात्रै हुन् त ?**

एक जापानी फिल्म ब्याटल रोयलबाट प्रभावित बहुचर्चित गेम 'पब्जी' आयरल्याण्डका डेभलपर ब्रेन्डेन ग्रीनले आफ्नो नेतृत्वमा बनाएर दक्षिण कोरियाको क्राफ्टन इन्कर्पोरेट्स (पब्जी कर्पोरेसन) मार्फत सन् २०१८ मा लञ्च गरेका हुन् । सेन्सरटावरका अनुसार यसले सन् २०२० मा दैनिक ७०४ मिलियन अमेरिकी डलर (८३ अर्ब नेपाली रूपैयाँ)को व्यापार गरेको थियो ।

स्मरण रहोस्, यतिबेला हाम्रो देश नेपाल केवल ५०० मिलियन अमेरिकी डलर वा ५५ अर्ब रूपैयाँको एमसीसी नामको अमेरिकी सहयोग लिने कि नलिने भन्ने विषयमा विगत ३ वर्षदेखि हल्ला, विवाद र लडाइँ गर्दै छ । राष्ट्रवाद, राष्ट्रघात, साम्राज्यवाद, सैन्य हस्तक्षेप आदिको अन्त्यहीन विवादमा सरकार प्रमुखदेखि उपल्लो तहका विज्ञसम्मले दिनरात रडाको गर्दै छन् । ध्यानले हेर्नुहोस्, एमसीसीको यो सहयोग रकम पब्जीको सन् २०२० को १ दिनको कमाइभन्दा पनि धेरै सानो रकम हो । सन् २०२१ को मार्चसम्ममा पब्जीले ५०१ विलियन अमेरिकी डलर (९ हजार अर्ब नेपाली रूपैयाँ) को लाइफ टाइम व्यापार गरिसकेको छ । याद रहोस्, आर्थिक वर्ष २०७८/७९ का लागि नेपालको कुल बजेट नै १,५०० अर्ब रूपैयाँभन्दा कम छ ।

**अब के खुल्लमखुल्ला गेम खेल्न दिएर समाधान हुन्छ त ?**

अहँ, हुँदैन । ईस्पोर्टस्को रूपमा जरो गाड्दै आएका यी र यस्तै गेमहरूलाई जति मन लाग्छ, त्यति खेल्न दिएर सम्पूर्ण समाधान निस्कन्छ भनेर सोच्नु पनि महामूर्खता हो । किनकि कुनै पनि गेमको नशा हुन्छ । यसले मान्छेको समय व्यवस्थापन चौपट बनाएर लक्षबाट विमुख बनाउन सक्छ र सिङ्गो समाज र देशको उत्पादकत्व तथा सम्भावना क्षीण बनाएर अपांग बनाउन सक्छ । ऊर्जाशील युवा शक्ति ती कम्पनीहरूको ज्याला विहीन कामदार मात्र बन्नेछन् । तर, प्रविधिको यो भेललाई छेकेर छेक्न पनि सकिँदैन । सरकारको उच्च स्रोत र संयन्त्र लाएर छेकेका कतिपय प्रतिबन्धित सामग्रीहरु त खुल्लमखुल्ला उपलब्ध भैराखेकै छन् ।

**खेल्न दिने कि नदिने त ?**

यस्ता प्रविधिजन्य सामग्रीलाई दुई उद्देश्यका लागि उपयोग गर्नुपर्छः

१. उत्प्रेरकको रूपमा : यस्ता प्रविधिजन्य सामग्रीलाई अभिभावकको संलग्नता तथा निगरानी र शिक्षक-शिक्षिकाहरूको विशेषज्ञ मार्गदर्शनमा सिकाइ उत्प्रेरकको रूपमा प्रयोग गर्न सक्नुपर्छ । अब अभिभावक तथा शिक्षाकर्मीहरूको प्रश्न आउँछ, यो उमेरमा गेम सिक्नु ? विल्कुल हो त हजुर । बालबच्चा र शिष्यको लागि जे पनि गर्न तयार छौं भन्दै आएका हामी यति गर्न सक्दैनौं र ? कि चाहँदैनौं ? ड्राइभिङ स्कुल खोल्नु छ भने प्रशिक्षकलाई गाडी चलाउन आउनैपर्छ नि । अहिले प्रशिक्षकबिना सिक्दै छन्, र त दुर्घटनाको सिकार पनि हुँदै छन् ।

२. आविष्कारको सम्भावनाका लागि : स्वभावतः यस्ता गेमहरूप्रति आकर्षित केही बच्चाहरूमा यस्तै गेम अथवा प्रविधि आविष्कार गर्न सक्ने तीक्ष्ण क्षमता अन्तर्निहित हुन्छ । त्यसलाई चिन्नका लागि परीक्षणको रूपमा यस्ता गेमहरु नियन्त्रित र योजनाबद्ध ढंगबाट विशेषज्ञ विश्लेषणसहित खेलाउनुपर्छ । अमेरिकी शिक्षाविद् तथा मनोबेत्ता प्रा. डा. होवार्ड गार्डनरद्वारा प्रतिपादित मल्टिपल इन्टेलिजेन्सको सिद्धान्तअनुसार पछिल्लो समयमा हालसालै पहिचानमा आएको इन्टेलिजेन्स हो - डिजिटल इन्टेलिजेन्स । यो कम्प्युटर, मोबाइल र विद्युतीय प्रविधि रूचाउने, चलाउने र निर्माण गर्न सक्ने डिजिटल सक्षमतासँग सम्बन्धित छ । कोडिङको क्षमता चाहिने यस कार्यका लागि गार्डनरले सुरूमा लजिकल-म्याथ इन्टेलिजेन्स चाहिने बताए तर चन्टेल प्राटलगायतले वासिङ्टन विश्वविद्यालयमा यसको थप परीक्षण गर्दा सुनिश्चित डिनोटेसन र सिन्ट्याक्सको मास्टरी आवश्यक भएका कारणले गर्दा भर्वल-लिङ्ग्विस्टिक इन्टेलिजेन्स यसका लागि अपरिहार्य भएको प्रमाणित भयो जसलाई गार्डनर आफैंले प्रशंसा गरेका छन् । परिवर्तन त अपरिहार्य छ । शिक्षाको विषयवस्तु र त्यसको अन्तर्वस्तु राज्यले बदल्नुपर्छ तर जुन किसिमले र जुन रफ्तारमा पाठ्यक्रम परिवर्तन गरिँदै छ, त्यसले नयाँ पुस्ताको चीत्कार र पुकार सम्बोधन हुने सम्भावना देखिँदैन ।

**शिक्षामा परिवर्तन चाहिन्छ ?**

चाहिन्छ, शतप्रतिशत चाहिन्छ । छिमेकी मुलुक भारतको नयाँ शिक्षा नीतिले कक्षा ६ देखि नै कम्प्युटर कोडिङ कोर्स र इन्टर्नसिपसहितको पेसागत शिक्षा राखेको छ । '३४ वर्षपछि विद्यमान सिष्टमलाई पूरै फर्म्याट गरेर शिक्षाको नयाँ सिष्टम इन्सटल गरिएको' अर्थमा लिइएको भारतको यो शिक्षा नीतिले लहडका भरमा यो गरेको हो, विश्वव्यापी सन्दर्भ र उछाललाई पत्रेको हो । त्यसै पनि भारत विज्ञान, प्रविधि र आईटीमा विश्वस्तरमा प्रगति गर्दै छ । सिङ्गो विश्व डाटा साइन्स, कम्प्युटर साइन्स र आईटीको अत्यन्त गतिशील सिकाइमा होमिएको छ ।

सानै उमेरदेखि पाइथन, एसक्यूएल, मेसिन लर्निङ, आर्टिफिसियल इन्टेलिजेन्स, डाटा एनालिटिक्स, रोबोटिक्स, जावा, सिप्लस्प्लस्, ब्लकचेन, वेब डेभलपमेन्ट, साइबर सेक्युरिटी, एथिकल ह्याकिङ आदिजस्ता कुराहरूको शिक्षा र तालिम दिँदै नयाँ पुस्तालाई अन्प्रेडिक्टेबल भविष्यका लागि तयार गर्दै छन् तर हाम्रो शिक्षामा के छ ? नयाँ पुस्ताको भावना र भाषा कहीँ कतै छ ? हामी के सिकाउँदै छौं ? हामी शिक्षाकर्मीलाई र अभिभावकलाई उनीहरूले सिक्न खोजेको के आउँछ र सिकाउने ? मोबाइल, ल्यापटप, आदि बिग्रिँदा बच्चासँगै सिकाइमाग्ने पुस्ताले के, किन र कसरी सिकाउने ? शिक्षालाई व्यावहारिक बनाउनुपर्छ र जीवनसँग जोड्नुपर्छ भन्ने फलाकेर हामी थाक्दैनौं तर आफ्नै सन्तानको जीवन दिन प्रतिदिन बदलेको चाहिँ किन देख्न सक्दैनौं ? हामीले सिकेर हाम्रो आफ्नै जीवनमा पनि कहिल्यै प्रयोगमा नआएको शिक्षा किन जबर्जस्ती लादिरहेका छौं ? यही हो, हामीलाई हाम्रो शिक्षाले दिएको ज्ञान चक्षु र तेस्रो आँखा ? यही हो हाम्रो न्याय ? त्यसैले परिवर्तन त अपरिहार्य छ । शिक्षाको विषयवस्तु र त्यसको अन्तर्वस्तु राज्यले बदल्नुपर्छ तर जुन किसिमले र जुन रफ्तारमा पाठ्यक्रम परिवर्तन गरिँदै छ, त्यसले नयाँ पुस्ताको चीत्कार र पुकार सम्बोधन हुने सम्भावना देखिँदैन । शिक्षक वाहक हो, उसले यी सबै त बदल्न सक्दैन तर ज्ञान र सिकाइको निर्माण तथा संरचनाको तरिका भने अवश्य बदल्न सक्छ । आशा गरौं, हाम्रो आफ्नो निमोठिएजस्तै हामीले नयाँ पुस्ताको सम्भावनाको घाँटी निमोठ्ने छैनौं । *साभार शिलापत्र*

## आजको राशिफल

हाम्रो पात्रोबाट साभार

**मेष** :- आज महिला मित्रबाट विशेष सहयोग मिल्नेछ । बन्धु बान्धवबाट सहयोग मिल्नेछ । बैदेशिक र न्यायिक कार्यमा सफलता मिल्नेछ ।

**वृष** :- विद्या र बुद्धिको विकास हुनेछ । अनुहारमा कान्ति र मनमा शान्ति छाउला । व्यापारमा रूची बढ्नेछ । बित्तिय संस्थाबाट सहयोग पाईनेछ ।

**मिथुन**:- छोटो दुरीको लाभदायक यात्रा हुनेछ । वैदेशिक कार्य अघी बढ्नेछ । आफ्नो क्षेत्रमा प्रभूत्त्व जमाउन सकिनेछ । शत्रु पराजित पनि हुनेछन् ।

**कर्कट** :- आज आफ्नो क्षेत्रमा प्रभूत्व जमाउन सकिनेछ । नयाँ वस्त्र, अलंकारको प्राप्ति हुनेछ । महिला वा मित्रबाट विशेष सहयोगपनि मिल्नेछ ।

**सिंह**:- आज रमणीय र सुखद् यात्राको योग छ । नयाँ कार्यको योजना बन्नेछ । वैदेशिक कार्यहरूमा सफलता मिल्नेछ । धार्मिक कार्यमा रूचि बढ्नेछ ।

**कन्या** :- आज घरमा अतिथीको आगमन हुनेछ । पार्टी पिकनिक तथा सेमिनारमा सहभागी भईएला । घर,जग्गाको कारोबारमा सफलता पनि मिल्नेछ ।

**तुला** :- प्रेमसम्बन्ध र प्रणयप्रसङ्गका लागि श्रेष्ठ समय रहेकोछ । कूटनीतिक नियोगको सहयोग मिल्ला । पुनर्मिलनको योग पनि रहेको छ ।

**वृश्चिक** :-मनमा शंका उत्पन्न हुनेछ । पारिवारिक उल्झनमापरि काम विग्रिएला । अधिकार प्राप्तिका लागि संघर्श गर्नु पर्ला । स्वास्थ्यमा खर्च बढ्नेछ ।

**धनु** :- आज कार्यक्षेत्रमा प्रगती हुनेछ । जोश जाँगर र हिम्मत बढ्नेछ । आफन्तको सहयोग प्राप्त हुनेछ । पठनपाठनका क्षेत्रबाट लाभ लिन सकिनेछ ।

**मकर**:- आज आफन्तको प्रगतिमा मन रमाउनेछ । विचार, विद्या र बुद्धिको विकास हुनेछ । व्यावसायिक काममा राम्रै फड्को मार्न सकिनेछ ।

**कुम्भ**:- धर्म,कर्म तथा समाजसेवामा मन लाग्नेछ । समाजसेवामा मन लाग्नेछ । मनमा शान्ति र अनुहारमा कान्ति छाउनेछ । लाभदायक यात्राको योग छ ।

**मिन** :- एकपछि अर्को अवसर आउनाले मन प्रसन्न रहनेछ । बन्धु बान्धवबाट विशेष सहयोग मिल्नेछ । साँझपख शुभ समाचार आउन सक्छ ।

# Invitation for Bids

Government of Nepal (GoN)
Ministry of Agriculture and Live stock Service
Department of Live stock Services

## National Livestock Breeding Office, Lahan, Siraha

### Invitation for Bids for the

## Supply and Delivery of Liquid Nitrogen at specified Place and Quantity in Bid Document

**Contract Identification No: NLBOLAHAN/NCB/G/02/2078-79**

**Date of publication: 09 August, 2021 (2078/04/25 BS)**

1. The National Livestock Breeding Office, Lahan, Siraha invites bids from eligible bidders for the procurement, supply and delivery of Liquid Nitrogen at time, place and quantity specified by NLBO, Lahan, Siraha **under National competitive bidding procedures specified in PublicProcurementAct and Regulations.**

| Contract ID No. | Name of Procurement | Bid Security NRs | Document Fee, NRs |
|---|---|---|---|
| NLBOLAHAN/NCB/G /02/2078-79 | Supply and Delivery of Liquid Nitrogen at Specified Place and Quantity in Bid Document | 63000/- | 3,000/- |

2. Eligible Bidders may obtain further information and inspect the bidding documents at the office of NLBO, Lahan, Siraha, Tel. no 033-563273, and email address nlbolahan@gmail.com.
3. A complete *set* of each Bidding Documents may be purchased from the office of NLBO, Lahan, Siraha by eligible Bidders on the submission of a written application, along with the copy of company/firm registration certificate, and upon payment of a non-refundable fee of NRs 3000/- on or before **7 September 2021** during office hours.

**Informationtodepositthecost of biddingdocument in Bank:**

**Name of the Bank: RashtriyaBanijya Bank**
**Name of Office :NationalLivestockBreeding Office, Lahan, Siraha**
**Office Code no. : *312021601*** **Office Account no.: *1000200010000***
**Rajaswa (revenue) Shirshak no. : *14229***

4. Bidsmust be submittedbyhandonorbefore***12:00 Noon**on***08 September, 2021.**Documents received after this deadline shall not be accepted.
5. Bids shall be opened in the presence of bidder's representatives who choose to attend***2:00 PM** on* **08 September, 2021** at the office of ***NLBO, Lahan, Sirha***.
6. Bids must be valid for a period of *90 days* counting from the day of bid opening and must be accompanied by bid security amount mentioned above table for each contract, which shall be valid for minimum 30 days beyond the bid validity period i.e. total of 120 days from the day of bid opening.
7. If the bid security shall be in the form of cash voucher that must be deposited in the **Bank Account No.: 21300102030000 of Treasury and Account Controller office, Siraha (Ko. Le. Ni. Ka. Siraha) at *RastriyaBanijya Bank*, *Siraha* and submit the receipt of the deposited amount of cash along with the bid.**
8. If thelast date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.
9. Matters not covered by this notice shall be in accordance with Public Procurement Act-2063, Public Procurement Regulations-2064 and their amendments.
10. The Employer reserves the right to accept or reject, wholly or partly any or all the bids without assigning reason, whatsoever.

भौतिक दुरी कायम गरी कोरोना भाइरसको संक्रमणबाट आफू पनि बचौं र अरुलाई पनि बचाऔं ।

-: जनहितका लागि :-

हरेक खबर, विशेष खबर — जि.प्र.का.सि.द.नं. ११७/०७६/०७७ — राष्ट्रिय दैनिक
लहानपोस्ट LAHANPOST DAILY

## महत्वपूर्ण टेलिफोन नम्बरहरू

| | |
|---|---|
| वारुण यन्त्र, लहान | ०३३-५६३११९ |
| ईलाका प्रहरी कार्यालय, लहान | ०३३-५६०१५५ |
| ईलाका प्रशासन कार्यालय, लहान | ०३३-५६०२६६ |
| जि.ट्राफिक कार्यालय, लहान | ०३३-५६०७३७ |
| लहान नगरपालिकाको कार्यालय | ०३३-५६३१३८ |
| नेपाल विद्युत प्राधिकरण, लहान | ०३३-५६०२४६ |
| सव स्टेशन, लहान | ०३३-५६०४०० |
| नेपाल टेलिकम, लहान | ०३३-५६०४४४ |
| प्राविधिक शिक्षालय, लहान | ०३३-५६३०१५ |
| अञ्चल यातायात कार्यालय, लहान | ०३३-५६०२१७ |
| रा.उ.स्मारक अस्पताल, लहान | ०३३-५६००१९ |
| आ. राजस्व कार्यालय, लहान | ०३३-५६००८८ |
| कृषि विकास बैंक, लहान | ०३३-५६०१४७ |
| कृषि सामाग्री संस्थान, लहान | ०३३-५६०१४८ |
| घरेलु तथा साना उद्योग, लहान | ०३३-५६०१२८ |
| जिल्ला उद्योग वाणिज्य संघ, सिरहा | ०३३-५६३२०५ |
| दु.शा.अतिथि सदन, लहान | ०३३-५६०१६९ |
| आँखा अस्पताल, लहान | ०३३-५६००८० |
| जे.एस.मु.ब.क्याम्पस, लहान | ०३३-५६०२५२ |
| रक्त संचार केन्द्र, लहान | ०३३-५६०९७५ |
| मारवाडी सेवा सदन, लहान | ०३३-५६१४११ |
| जि.प्रशासन कार्यालय, सिरहा | ०३३-५२०१२३ |
| जिल्ला प्रहरी कार्यालय, सिरहा | ०३३-५२०११२ |
| नगर प्रहरी, सिरहा | ०३३-५२०२६७ |
| प्रहरी चौकी, माडर (सिरहा) | ०३३-५२०४०० |
| को.ले.नि.का. सिरहा | ०३३-५२०१३० |
| कृषि विकास बैंक, सिरहा | ०३३-५२०४७० |
| जिल्ला समन्वय विकास कार्यालय, सिरहा | ०३३-५२००३७ |
| सिरहा जिल्ला अदालत, सिरहा | ०३३-५२००५६ |
| जिल्ला अस्पताल, सिरहा | ०३३-५२००६४ |
| जनस्वास्थ्य कार्यालय, सिरहा | ०३३-५२००८१ |
| जिल्ला शिक्षा समन्वय इकाई शाखा, सिरहा | ०३३-५२०००४ |
| नेपाल टेलिकम, सिरहा | ०३३-५२००३३ |
| नेपाल विद्युत प्राधिकरण, सिरहा | ०३३-५२०१६१ |
| राष्ट्रिय बाणिज्य बैंक, सिरहा | ०३३-५२०००२ |
| रेडक्रस सोसाइटी, सिरहा | ०३३-५२००९५ |
| ईलाका प्रहरी कार्यालय, मिर्चैया | ०३३-५५०१०० |
| कृषि विकास बैंक, मिर्चैया | ०३३-५५०००५ |
| सिता नोबेल न्यूज सेन्टर | ०३३-५६००२७ |
| सविना बुक्स एण्ड सप्लायर्स लहान-७ | ०३३-५६०५११ |
| स्वस्तिका इलेक्ट्रिक एण्ड जेनरल अर्डर सप्लायर्स लहान-१० | ९८४२८९०९६५ |
| पञ्चदेवी टेक्निकल ईन्टिच्युट लहान | ०३३-५६५४६८ |
| | ९८१६७३७३३१ |

## नगरवासीका लागि जनहितमा जारी सार्वजनिक सन्देश !

बालविवाह, बहुविवाह र अनमेल विवाहलाई प्रश्रय नदिऔं, स्वस्थ समाजको निर्माण गरौं । जथाभावी रुख नकाटौं, वातावरणलाई स्वच्छ राखौं । घर वरिपरिको वातावरण सफा र स्वच्छ राखौं, रोगब्याधिबाट बचौं । फागुन देखि वैशाखसम्मको अवधि हावाहुरी बढी आउने समय हो । आगो बाल्दा सुरक्षित ठाउँमा मात्र बाल्ने, सलाई लाइटर, मट्टीटेल आदि ज्वलनशील वस्तु केटाकेटीले भेट्ने ठाउँमा नराखौं । केटाकेटीलाई जथाभावी आगो बाल्दा हुन सक्ने आगलागीका दुर्घटनाहरुबारे सम्झाई-बुझाई गर्ने र यस्ता कुराहरुबाट सजग रहन जनचेतना बढाउने कार्यमा सहयोग गरौं । गाउँपालिकालाई बुझाउनु पर्ने घर, जग्गा, मालपोत दस्तुर, व्यवसाय कर आदि समयमा नै बुझाऔं । घटना घटेको ३५ दिनभित्र व्यक्तिगत घटना दर्ता गरौं । सार्वजनिक जग्गा र सम्पत्ति संरक्षणमा गाउँपालिकालाई सहयोग गरौं । आफ्नो घर-आँगनबाट उत्पन्न फोहरलाई व्यवस्थित गरौं । इजाजत पत्र लिएर मात्र व्यापार व्यवसायी गरौं तथा उपभोक्ता आचारसंहिता पालना गरौं । बालबालिकालाई काममा हैन विद्यालय पठाऔं । विकास निर्माण कार्यक्रममा जनसहभागिता जुटाऔं । कृषिको व्यावसायीकरण गरौं । खाद्य सम्प्रभुत्व र आत्मनिर्भर गाउँपालिका निर्माणमा सहभागी बनौं । किसानलाई सम्मान गरौं । जैविक विविधतामा आधारित पर्यावरणीय कृषि पेशा अवलम्बन गरौं ।

| | |
|---|---|
| लहान नगरपालिका कार्यालय, सिरहा | कर्जन्हा नगरपालिका कार्यालय, सिरहा |
| मिर्चैया नगरपालिका कार्यालय, सिरहा | सुखिपुर नगरपालिका कार्यालय, सिरहा |
| कल्याणपुर नगरपालिका कार्यालय, सिरहा | धनगढीमाई नगरपालिका कार्यालय, सिरहा |
| गोलबजार नगरपालिका कार्यालय, सिरहा | सिरहा नगरपालिका कार्यालय, सिरहा |

# टिस्युमा सम्झौता गर्दै बार्सिलोना भित्रिएका मेसी टिस्युले आँसु पुछ्दै बाहिरिए

गत वर्ष लियोनेल मेसी बार्सिलोनाबाट बाहिरिन खोज्दै थिए । तर, रोकिए । यो वर्ष उनी रोकिन खोज्दै थिए । तर, भावविह्वल भएर बाहिरिए । ३० जुनमा मेसीको बार्सिलोनासँग सम्झौता समाप्त भएको थियो । उनी बार्सिलोनामै रहने धेरैको अपेक्षा थियो । तर, आर्थिक अप्ठ्यारा देखाउँदै यस पटक मेसीलाई बार्सिलोनाले अनुबन्ध गरेन ।

बार्सिलोनाबाट बहिर्गमन भएसँगै मेसी म्यानचेस्टर सिटी वा पीएसजी जाने चर्चा चलिरहेको छ । आइतबारको पत्रकार सम्मेलनमा भावविह्वल हुँदै मेसीले भनेका छन्, ‘अहिले नै बार्सिलोनाबाट बहिर्गमन मैले सोचेको थिइनँ ।’

**टिस्युमा सम्झौता गर्दै तय भएको थियो मेसीको बार्सिलोना यात्रा**

मेसीका पिता जर्जलाई आश्वस्त पार्न सन् २००० डिसेम्बर १४ मा मेसीलाई बार्सिलोनामा अनुबन्ध गर्ने सम्झौता गरिएको थियो । त्यसबेला मेसी १३ वर्षका थिए । क्लबका अध्यक्ष जोसेफ मारिया र खेल निर्देशक कार्लेस रेस्याकको उपस्थितिमा टिस्यु पेपरमा सम्झौता गरिएको थियो । बार्साले मेसीलाई गुन पनि लगाएको छ । उनी आधिकारिक रूपमा अनुबन्ध हुनुअघि हर्मोनका कारणका शारिरीक विकासको कठिनाइ झेलिरहेका मेसीको उपचारका लागि बार्साका निर्देशक जोअनले हजार पाउण्ड सहयोग गरेका थिए । उनी बार्सामा अनुबन्ध भएपछि त्यसको खर्च सबैले क्लबले व्यहोरेको थियो । न्यापकिनमा गरिएको प्रारम्भिक सम्झौतालाई बार्साले ४ फेब्रूअरी सन् २००४ मा आधिकारिकता दियो । त्यसबेला मेसी १६ वर्षका थिए भने बार्सा ट्रफीबिहीन भएको ६ वर्ष पुगेको थियो । मेसीको अनुबन्धसँगै राम्रो नतिजाको आश बार्साले गरेको थियो । १६ अक्टोबर



२००४ मा उनले बार्साबाट इस्पानिअलविरूद्धको खेलमा डेब्यु गरेका थिए । खेलको अन्तिम समयमा वैकल्पिक खेलाडीका रूपमा मैदान प्रवेश गरेका मेसीले ९ मिनेटमै आफ्नो कौशलबाट सबैलाई प्रभावित पारे ।सन् २००५ मा १७ वर्षको उमेरमा मेसीले बार्साका लागि गोल गरेका थिए । अल्बासेटीविरूद्धको खेलमा ८७औं मिनेटमा मैदान छिरेका मेसीले एक मिनेटभित्रै बार्साका लागि आफ्नो नाममा पहिलो गोल दर्ता गराए । उनको कौशलबाट दंग बार्साले सन् २००५ मा मेसीसँग पाँच वर्षको सम्झौता गर्‍यो । सम्झौतापछि बार्साको भनाइ थियो, ‘मेसीलाई कसैले अनुबन्ध गर्न चाहेमा फुटबल इतिहासकै कीर्तिमानी शुल्क तिर्नुपर्नेछ ।’ त्यसबखत मेसीलाई अन्त अनुबन्धका लागि बार्साले १ सय ५० मिलियन अमेरिकी डलर शुल्क तोकेको थियो । सन् २०१० सम्म सम्झौता गरेको तीन महिनापछि बार्साले मेसीलाई सन् २०१४ सम्मको अर्को सम्झौता गरेको थियो । स्पेनिस मिडियाका अनुसार त्यसबेला मेसीको सुविधा दोब्बर बढ्यो । सन् २००६ मा मेसीलाई आफ्नो क्लबमा भित्र्याउन इन्टर मिलान ४ सय ६७ मिलियन अमेरिकी डलर तिर्न तयार थियो । त्यसबेला क्लबका अध्यक्ष जोअन लार्पेटाले त्यस प्रस्तावलाई अस्वीकार गरिदिए । ‘इन्टर मिलान मेसीका निम्ति ४ सय ६७ मिलियन अमेरिकी डलर खर्चन तयार थियो । मेसीका बुबा जर्ज र मबीचको सम्बन्धका कारण मेसी बार्सामै रहनेमा ढुक्क थिएँ । मैले जर्जलाई भन्थे- मेसीका लागि जतिसुकै पैसा आए पनि म उसलाई बेच्ने छैन । ऊ बार्सामा नै खुशी हुनेछ । उसले आफ्नो र क्लबको महिमालाई उच्च बनाउनेछ । अन्त जाँदा आर्थिक रूपमा सन्तुष्ट होला तर मेसी अन्त खुशी हुनेछैन । तिम्रो छोरा इतिहास रच्न जन्मिएको हो । मेसीको गर्विलो इतिहासमा सघाउने टोली बार्सासँग छ,’ जर्जलाई आफूले भनेको कुरा जोअन स्मरण गर्छन् ।

मेसीबारे अर्जेन्टिनाका महान खेलाडी म्याराडोनाले भनेका थिए, ‘मपछि अर्जेन्टिनी फुटबलको उत्तराधिकारी मैले भेटिसकेँ उसको नाम मेसी हो र मेसी जिनियस छन्।’ मेसीको फुटबल कौशलबारे उनका पूर्व सहकर्मीको भनाइ पनि रोचक छ । जाल्टन इब्राहिमोबिचले भनेका छन्, ‘दाहिने खुट्टै नभएको भए पनि मेसीले फुटबल खेल्ने थिए,’ मेसीको प्रशंसामा उनी थप्छन्, ‘देब्रे खुट्टाले मात्रै सबैलाई हायलकायल पार्ने मेसीको दाहिने खुट्टा पनि चले के हुन्थ्यो होला कल्पना पनि गर्न सकिँदैन ।’

**इतिहासकै सर्वोत्कृष्ट प्रतिभा**

मेसी विश्व फुटबलका सर्वोत्कृष्ट खेलाडीमध्ये एक हुन् । आफ्नो करियरमा उनले बार्सालाई ३४ वटा उपाधि दिलाए । बार्साबाट खेलेका ७ सय ७८ खेलमा मेसीले ६ सय ७२ गोल गरेका थिए । एउटै क्लबाट खेलेर यति धेरै गोल गर्ने कीर्तिमानी मेसीकै नाममा दर्ज छ । यति मात्रै होइन, एकै सिजनमा धेरै गोल गर्ने, एल क्लासिकोमा सर्वाधिक गोल गर्ने, सबैभन्दा बढी ह्याट्रिक गर्ने लगायतका थुप्रै कीर्तिमानी उनको नाममा छन् । मेसी सर्वाधिक ६ पटक बालोन बालोन डि अर अर्वाड विजेता खेलाडी हुन् । १६ वर्षको उमेरमा बार्सा प्रवेश गरेका उनी ३४ वर्षको उमेरमा बिदा भए । बार्साबाट विभिन्न कीर्तिमानी बनाएका मेसी बिदाइमा भावुक बने । टिस्युमा सम्झौता गर्दै क्लब प्रवेशको बाटो खोलेका मेसीले बिदाइमा टिस्युले आँसु पुछ्दै भने, ‘एक दिन म फेरि बार्सिलोना फर्किनेमा आशावादी छु । यो क्लबलाई अझै राम्रो बनाउन म सहयोग गर्न चाहन्छु ।’

## मोटरसाइकल हराएको सूचना

मिति २०७७/११/२७गते दिनको २:४५ बजे सिरहाको लहान नगरपालिका ३ स्थित हस्पिटल चौकदेखि पश्चिममा रहेको भोलाबाबाको मन्दिर नजिक पोखरी छेउबाट राखिएको अवस्थामा निम्न विवरण भएको मोटरसाइकल हराएको हो । फेला पार्नु हुने महानुभावले नजिकको प्रहरी चौकी वा सवारीधनिलाई सम्पर्क गरी सहयोग गरिदिनुहुन अनुरोध छ ।

मोडेल : APACHE–150 Cc
गाडीनम्बर : स.११प ३३८९
चेचिस नम्बर : MD624HC19K2AL0133
इन्जिननम्बर : C1A9700171
गाडी धनीको नाम : नरेशकुमार यादव
ठेगाना : अग्निसाइर कृष्णासवरण गाउँपालिका–२, सप्तरी, प्रदेश नं–२ नेपाल ।

## जनहितमा जारी सूचना

- जन्म, मृत्यु, विवाह, सम्बन्ध बिच्छेद,बसाई–सराई जस्ता घटना घटेको ३५ दिनभित्र सम्बन्धित वडा कार्यालयमा दर्ता गरौ/गराऔं ।
- विकास निर्माणको काम उपभोक्ता समिति मार्फत जनसहभागीतामा समयमै सम्पन्न गरेर फर्छ्यौट गरौं अर्थात विकास निर्माण काममा बिलम्ब नगरौं ।
- कृषि पशुपालनमा युवा सहभागीता बढाएर स्वरोजगार सृजना गरौं ।
- छोरा छोरीलाई शिक्षित र सक्षम बनाउन विद्यालय पठाऔं ।
- बाँझो जमिनमा बोट–बिरुवा रोपौं, हरियाली बढाऔं ।
- सीप सिकौं स्वावलम्बी बनौं ।
- भुकम्प प्रतिरोधी संरचना निर्माण गरौं, सुरक्षित जीवन यापन गरौं ।
- हिंसा मुक्त परिवार हामी सबैको सरोकार ।
- पिउने पानी उमालेर वा फिल्टर गरेर मात्र पिउने गरौं ।
- बालविवाह रोकौं छोरीको भविष्य आजै देखि सोचौं ।
- आफ्नो घर आंगन सफा राखौं ।

४ नं.वडा कार्यालय सिरहा नगरपालिका,सिरहा
५ नं.वडा कार्यालय सिरहा नगरपालिका,सिरहा
११ नं.वडा कार्यालय सिरहा नगरपालिका,सिरहा
२२ नं.वडा कार्यालय सिरहा नगरपालिका,सिरहा
१७ नं.वडा कार्यालय सिरहा नगरपालिका,सिरहा
१६ नं.वडा कार्यालय सिरहा नगरपालिका,सिरहा
१९ नं.वडा कार्यालय सिरहा नगरपालिका,सिरहा
१८ नं.वडा कार्यालय सिरहा नगरपालिका,सिरहा

## गाउँपालिकावासीका लागि जनहितमा जारी सार्वजनिक सन्देश !

बालविवाह, बहुविवाह र अनमेल विवाहलाई प्रश्रय नदिऔं, स्वस्थ समाजको निर्माण गरौं । जथाभावी रुख नकाटौं, वातावरणलाई स्वच्छ राखौं । घर वरिपरिको वातावरण सफा र स्वच्छ राखौं, रोगब्याधिबाट बचौं । फागुन देखि वैशाखसम्मको अवधि हावाहुरी बढी आउने समय हो । आगो बाल्दा सुरक्षित ठाउँमा मात्र बाल्ने, सलाई लाइटर, मट्टीटेल आदि ज्वलनशील वस्तु केटाकेटीले भेट्ने ठाउँमा नराखौं । केटाकेटीलाई जथाभावी आगो बाल्दा हुन सक्ने आगलागीका दुर्घटनाहरुबारे सम्झाई–बुझाई गर्ने र यस्ता कुराहरुबाट सजग रहन जनचेतना बढाउने कार्यमा सहयोग गरौं । गाउँपालिकालाई बुझाउनु पर्ने घर, जग्गा, मालपोत दस्तुर, व्यवसाय कर आदि समयमा नै बुझाऔं । घटना घटेको ३५ दिनभित्र व्यक्तिगत घटना दर्ता गरौं । सार्वजनिक जग्गा र सम्पत्ति संरक्षणमा गाउँपालिकालाई सहयोग गरौं । आफ्नो घर–आँगनबाट उत्पन्न फोहरलाई व्यवस्थित गरौं । इजाजत पत्र लिएर मात्र व्यापार व्यवसायी गरौं तथा उपभोक्ता आचारसंहिता पालना गरौं । बालबालिकालाई काममा हैन विद्यालय पठाऔं । विकास निर्माण कार्यक्रममा जनसहभागिता जुटाऔं । कृषिको व्यावसायीकरण गरौं । खाद्य सम्प्रभुत्व र आत्मनिर्भर गाउँपालिका निर्माणमा सहभागी बनौं । किसानलाई सम्मान गरौं । जैविक विविधतामा आधारित पर्यावरणीय कृषि पेशा अवलम्बन गरौं ।

बरियारपट्टी गाउँपालिका कार्यालय, सिरहा
नवराजपुर गाउँपालिका कार्यालय, सिरहा
लक्ष्मीपुर पतारी गाउँपालिका कार्यालय, सिरहा
सखुवानन्कारकट्टी गाउँपालिका कार्यालय, सिरहा
अर्नमा गाउँपालिका कार्यालय, सिरहा
भगवानपुर गाउँपालिका कार्यालय, सिरहा
औरही गाउँपालिका कार्यालय, सिरहा
विष्णुपुर गाउँपालिका कार्यालय, सिरहा
नरहा गाउँपालिका कार्यालय, सिरहा




लहानपोस्ट् दैनिकका लागि प्रकाशक : भरत जर्घामगर, सम्पादक : शम्भु कुमार यादव, सल्लाहकार सम्पादक : उद्धव हमाल, कानुनी सल्लाहकार : सन्तोष सुवेदी कम्प्यूटर ले-आउट : महेन्द्र प्र. चौधरी
कार्यालय :लहान नगरपालिका–१०, सिरहा फोन नं. ०३३५६४९६७, ९८५२८२४९६७, ९८५२८३९३१५ website : www.lahanpost.com , e-mail : lahanpost@gmail.com मुद्रक : न्यू यदुवंशी अफसेट प्रेस, लहान,(सिरहा)